## कार्यपालिका बैठक संख्या - १९९औं बैठक

आज मिति २०८३।०३।०५ गते बिहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्लमी | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

**आमन्त्रित:**

१. सुमन भट्टराई - लेखा अधिकृत

२. सूचना ज्ञवाली - सूचना प्रविधि अधिकृत

३. पानुदेवी ठाडा - का.स.

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**बैठकका एजेन्डा:**

१) अघिल्लो १९८ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) आर्थिक वर्ष२०८२/०८३ को बजेट तथा कार्यक्रम समिक्षा सम्बन्धमा,
३) विभिन्न विषयगत समितिको बैठकको निर्णय सम्बन्धमा,
४) विविध
क) तह वृद्धि सम्बन्धमा
ख) सरुवा सहमती सम्बन्धमा
ग) अनुमती प्रदान गर्ने सम्बन्धमा
घ) कार्यक्रम सञ्चालन स्वीकृति सम्बन्धमा
ङ) राहत तथा सहयोग

**निर्णयहरु:**

१) अघिल्लो १९८औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएकाअधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।

२) पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष२०८२/०८३ को बजेट तथा कार्यक्रममा छलफल गर्दा गाउँपालिकाका लेखा अधिकृत सुमन भट्टराईले आर्थिक वर्ष२०८२/०८३ मा कार्यान्वयन भएका योजना र समग्र भौतिक तथा वित्तीय प्रगतीका बारेमा जानकारी गराउनुभयो।

३) पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि विषयगत समितिले तयार गरेको प्रतिवेदन मिति२०८३/०३/०९ गते कार्यपालिकामा पेशगरी छलफल गर्नेसर्वसम्मत निर्णय गरियो।

४) विविध:

क) पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत लेखा अधिकृत सुमन भट्टराईले मिति२०८३/०२/२७गते तह वृद्धिका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेको हुनाले पेश भएको कागजातको आधारमा स्थानीय सेवा निजामती नियमावली,२०८१को नियम ४८ अनुसार निजलाई नियमानुसार आठौं तहमा तहवृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) प्युठान जिल्ला मल्लरानी गाउँपालिकामा नायब पशु सेवा प्राविधिक पदमा कार्यरत पूर्वखोला १ सिलुवा निवासी विशाल पंगेनीले यस कार्यालयमा सरुवा भइ आउनको लागि अन्तर स्थानीय तह सरुवाका लागि सहमति प्रदान गरिदिनु भनी मिति२०८३/०३/०४ गतेको निवेदन पेश गरेको हुँदा यस कार्यालयमा उक्त पद रिक्त रहेको हुदाँ निजलाई दरबन्दी सहित पदस्थापन र सरुवा भई आउनको लागि सरुवा सहमति दिने सर्वसम्मत निर्णय गरियो। साथै पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा छैठौं तहमा कार्यरत सहायक कम्प्युटर अधिकृत शर्मिला चौधरीले आफुलाई घरपायक पर्ने राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अगैया, बाँकेको मिति२०८३/०२/१३ गतेको सरुवा सहमति सहित मिति२०८३/०३/०३मा सरुवा सहमति उपलब्ध गराइदिनु भनी यस कार्यालयमा निवेदन पेश गरेकोले निजलाई समेत दरबन्दी सहित पदस्थापन र सरुवाभई जानको लागि सरुवा सहमति दिने सर्वसम्मत निर्णय गरियो।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

त्यस्तै गरी पूर्वखोला गाउँपालिको वडा नं. १ सिलुवामा वडा सचिवका रुपमा कार्यरत पाँचौं तह वरिष्ठ प्रशासन सहायक नमराज न्यौपानेले कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कोहलपुर बाँकेको मिति२०८३/०२/२५ गतेको सरुवा सहमति सहित मिति २०८३/०२/२६ मा सरुवा सहमति उपलब्ध गराइदिनु भनी यस कार्यालयमा निवेदन पेश गरेकोले निजलाई पनि दरबन्दी सहित पदस्थापन र सरुवाभई जानको लागि सरुवा सहमति दिने सर्वसम्मत निर्णय गरियो।

ग) राष्ट्रिय एच.आई.भी. एड्स महासंघ नेपाल बुढानिलकण्ठ काठमाडौं, नेपालको मिति२०८३/०२/२० गतेको निवेदन अनुसार प्रवासिहरु र उनका परिवारको लागि एच.आई.भी., क्षयरोग लगायत अन्य परामर्श सहित एच.आई.भी.परिक्षण गर्ने कार्यका लागि जिम्मेवारी प्राप्त गरेको हुँदा यस पूर्वखोला गाउँपालिकामा कार्य संचालनका लागि अनुमति तथा आवश्यक सहयोग गरिदिनु भनी यस कार्यालयमा निवेदन पेश गरेकोले यस कार्यालयको स्वास्थ्य शाखासँग समन्वय गरी कार्यक्रम संचालनका लागि अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) A1 टेलिभिजन पाल्पाले कार्यालयमा पेश गरेको प्रस्तावना पत्र स्वीकृत गर्ने र निजलाई प्रस्तावनामा उल्लेखित कार्यक्रम गर्न रु २००००।- (अक्षरुपी बीस हजार मात्र) बजेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

ङ) राहत सम्बन्धमा : पूर्वखोला गाउँपालिका भित्र बसोबास गर्ने तपसिल ब्यक्तिहरुले दिएको निवेदनमा छलफल गर्दा तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो।

तपसिल:

| क्र.स. | ब्यक्ति/संस्था नाम थर | ठेगाना | निवेदनको व्यहोरा | राहत /कार्यक्रम |
|---|---|---|---|---|
| १ | केशरी दमै | पूर्वखोला-३ | आर्थिकसहयोग | रु.५०००।- |
| २ | सविता वि.क. | पूर्वखोला-३ | आर्थिकसहयोग | रु.५०००।- |
| ३ | A1 टेलिभिजन | तानसेन-३,पाल्पा | गाउँपालिकाका गतिबिधि संचार माध्यमबाट प्रसारण गर्न | रु.२०,०००/- |
| ४ | हुम बहादुर वि.क. | पूर्वखोला-२ | आर्थिक सहायता | रु.४,१७७।८० |
| ५ | मन्दिरडाँडा लिफ्ट खा.पा. योजना | पूर्वखोला-३ | ३० थान खानेपानी मिटर | रु.४०,५०१।५० |
| ६ | भोलानाथ सुबेदी लगायत ज्ञानीचौरका स्थानीय बासीको निवेदन | पूर्वखोला-२ | कुलो मर्मत निर्माण योजना | रु.५०,००० |

राजु न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष